आज मिति २०८० साउन ३२ गते बिहीबारको दिन दार्मा गाउँपालिका आ.व. २०८०/८१ को दोस्रो कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री लोकेन्द्र विश्वकर्मा | प्र.प्र. |
| श्री सुनिता बि.सी. | सहायक पाँचौं |

प्रस्तावहरू

१. SUSWA परियोजनाका जनशक्ति को पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा।
२. SUSWA परियोजनामा जनशक्ति थप गर्ने सम्बन्धमा।
३. गाउँ जलस्रोत समिति गठन सम्बन्धमा।
४. भाद्र महिनाको कार्यसूची सम्बन्धमा।
५. मुख्यमन्त्री रोजगार कार्यक्रमको श्रमिकको ज्याला सम्बन्धमा।
६. बजार अनुगमन सम्बन्धमा।
७. राजश्व संकलन सम्बन्धमा।
८. आ.व. २०८०/८१ को दर विश्लेषण सम्बन्धमा।
९. विविध सम्बन्धमा

## निर्णयहरु

### निर्णय नं. १

दार्मा गाउँपालिकामा सबैको लागि दिगो खानेपानी तथा सरसफाई स्वच्छता (SUSWA) परियोजना अन्तरगतका विभिन्न पदहरुको तलबमान सन्दर्भमा उक्त आयोजनाको कर्मचारी छनौट तथा परिचालन कार्यविधिको दफा (६) को उपदफा (a), (b), मा रहेको थप सुविधा सम्बन्धी व्यवस्था गाउँपालिकाको आन्तरिक आम्दानी, खर्चको आशयकता र गाउँपालिकाको अन्य करार कर्मचारीहरुको तलवमान समेतलाई मध्येनजर गरी उक्त थप सुविधा प्रदान गर्न नसक्ने र नेपाल सरकारको स्वीकृत आधारभुत तलवमान अनुसार करार सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृललाई निर्देशन दिने।

तपसिल

| सि. नं. | पद | तलवमान रु. | कैफियत |
|---|---|---|---|
| १ | वास संयोजक | नेपाल सरकारको स्वीकृत आधारभुत तलवमान | |
| २ | प्राविधिक सहजकर्ता | | |
| ३ | वास सहजकर्ता | | |
| ४ | वास टेक्निसियन | | |
| ५ | सामाजिक परिचालक | | |

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

निम बहादुर के.सी.
अध्यक्ष

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

दार्मा गाउँपालिकामा सबैको लागि दिगो खानेपानी तथा सरसफाई स्वच्छता SUSWA परियोजना अन्तरगत वास टेक्निसियन र सामाजिक परिचालकको पदमा ४/४ जना जनशक्ति पदपुर्ती भएकोमा अब ६/६ जनाको दरवन्दी स्वीकृत गरी थप जनशक्ति वैकल्पिक सूचीबाट पदपुर्ती गर्ने ।

**निर्णय नं ३**

दार्मा गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा ९ बमोजिम गाउँपालिका भित्र रहेको जलस्रोतको उपयोग र नियमन गर्ने अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि तपसिलको गाउँ जलस्रोत समिति गठन गर्ने ।

तपसिल्

| | | |
|---|---|---|
| १. | निम बहादुर के.सी. | अध्यक्ष |
| २. | जलस्रोत तथा मुहान दर्ता गर्ने सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ३. | प्राविधिक शाखा प्रमुख | सदस्य |
| ४. | कृषि शाखा प्रमुख | सदस्य |
| ५. | वन सव डिभिजन प्रमुख/ अधिकृत प्रतिनिधि | सदस्य |
| ६. | रुपा चन्द मल्ल | सदस्य |
| ७. | सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं ४**

दार्मा गाउँपालिकाको भाद्र महिनाको तपसिल बमोजिमको कार्यसूची स्वीकृत गर्ने

| गते | कार्यसूची | कैफियत |
|---|---|---|
| २ | कर्मचारीको मासिक बैठक वसी साउन महिनाको कार्यसम्पादन समिक्षा | |
| ३ | योजना शाखाले योजना बैंकको तयारी तथा अद्यावधिक | |
| ४ | सावन महिनाको प्रगति विवरण तथा भदौको कार्ययोजना तयार | |
| ८ | स्थानीय बजार अनुगमन सम्बन्धी बैठक | |
| १९ | विषयगत समितिहरुको बैठक | |
| २४ | न्यायीक समितिको बैठक | |
| २५ | वडा समितिको वैठक | |
| २६ | जनप्रतिनिधि तथा कर्मचारीको सम्पति विवरण तयार गरिसक्ने | |
| २८ | विपद व्यवस्थापन, स्वास्थ्य तथा व्यवस्थापन, शिक्षा समितिको | |

**निम बहादुर के.सी.**
**अध्यक्ष**

निर्णय प्रमाणित

| | | |
|---|---|---|
| | बैठक | |
| २९ | जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्ने | |
| ३० | लिसा सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिसक्ने | |

**निर्णय नं ५**

दार्मा गाउँपालिकामा  मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुमा श्रमिकको ज्याला अघिल्लो आ.व. हरुमा रु ५७७ कायम हुदै आएकोमा चालु आ.व. २०८०/८१ देखी सल्यान जिल्लाको जिल्लाको जिल्ला दररेट अनुसार ज्याला निर्धारण गर्ने ।

**निर्णय नं ६**

दार्मा गाउँपालिका भित्रका बजारहरु मासिक तालिका बमोजिम नियमित रुपमा अनुगमनको कामलाई प्रभावकारी रुपमा अगाडि बढाउने ।

**निर्णय नं ७**

आ.व. २०८०/८१ मा प्रक्षेपन गरिएको राजश्वको लक्ष्य पुरा गर्न, वहाल विटौरी कर लगायतका करहरु संकलन गर्न, ढुङ्गा गिठ्ठी बालुवाको  चोरी निकासी नियन्त्रण गर्न  तपसिलको समिति गठन गरी काममा खटाउने ।

तपसिल

१. सम्बन्धित वडाको वडाध्यक्ष — अध्यक्ष
२. लोकेन्द्र के.सी. — सदस्य
३. राम प्रशाद शर्मा — सदस्य

**निर्णय नं ८**

दार्मा गाउँपालिकामा आ.व. २०८० /८१ को दर विश्लेषण कार्यान्वयन गर्ने ।

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित
रेशम शर्मा
प्रमुख प्रशासकीय अधिकृत